आज मिति २०८१ साल चैत्र २८ गतेका दिन यस रास्कोट नगर-पालिका नगर प्रमुख श्री धर्मराज शाही ज्यू.को अध्यक्षतामा तपशिलको उपस्थितिमा बैठक बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरि निर्णय पारित गरियो ।

तपशिल

| | | | |
|---|---|---|---|
| श्री धर्मराज शाही | नगर-प्रमुख | | |
| श्री मतिराज बराल | नगर उप-प्रमुख | | |
| श्री उदयराम आचार्य | वडा नं. १ | | अध्यक्ष |
| श्री ध्रुव सिम्खडा | ,, | २ | ,, |
| श्री राजेन्द्र नाथ योगी | ,, | ३ | ,, |
| श्री दिनेश संज्याल | ,, | ४ | ,, |
| श्री मन तिरुवा | ,, | ५ | ,, |
| श्री कर्ण फर्साल | ,, | ६ | ,, |
| श्री कपुर महतारा | ,, | ७ | ,, |
| श्री मतिराज बराल | ,, | ८ | ,, |
| श्री धन बहादुर धामी | ,, | ९ | ,, |
| श्री भैरे तिरुवा | कार्यपालिका | | सदस्य |
| श्री देउली सार्की | ,, | | ,, |
| श्री तारा वि.क. | ,, | | ,, |
| श्री रत्ना देवी न्यौपाने | ,, | | ,, |
| श्री भैपुरा बम शाही | ,, | | ,, |
| श्री उमा योगी | ,, | | ,, |
| श्री पुनम बम शाही | ,, | | ,, |
| श्री गोभिन्द्रा वि.क. सुनार | ,, | | ,, |
| श्री कुल प्रसाद न्यौपाने | सदस्य – सचिव | | |

आमन्त्रित सदस्य :

| | |
|---|---|
| श्री महेश भट्टराई | सुशासन प्रतिनिधि |
| श्री विकास न्यौपाने | LISP प्रतिनिधि |
| श्री दिनेश माझी | DT global प्रतिनिधि |

निर्णय नं.१
प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आर्थिक २०८२/०८३ मा नगरपालिकामा सञ्चालन गरिने सम्पूर्ण योजनाहरुको कार्यान्वयनका नीतिगत प्रकृयाहरु अपनाई योजना तर्जुमा गोष्ठी सञ्चालन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२
प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय पूर्वाधार आयोजना सुर्खेत द्धारा रास्कोट २ र शान्नी त्रिवेणी ६ भनि सर्वे टोली द्धारा सर्वे गर्न खोजिएको अन्तरपालिका जोड्ने झोलुङ्गे पुल स्थानीय आवश्कता र रास्कोट स्थित प्रादेशिक रणनैतिक अस्पताल र शान्न्री त्रिवेणी स्थित जनचेतना बहुमुखी क्याम्पस आवत जावत सहजताका लागि रास्कोट नगरपालिका वडा नं.६ को गरस्याकोट र शान्नी त्रिवेणी वडा नं.५ को टुडेगडामा झोलुङ्गे पुल बनाउन पर्ने भएकाले सम्बन्धित निकायमा सो ठाँउमा सर्वे गर्नको लागि आवश्यक सहयोगको लागि अनुरोध गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.३
प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस रास्कोट नगरपालिकामा कार्यरत सम्पूर्ण सरकारी तथा गैर सहकारी संस्थामा कार्यरत कर्मचारीहरुले प्रत्येक आ.व.को एकिकृत सम्पती कर नतिरेको खण्डमा निज र निजको सगोल परिवारका सदस्यलाई यस नगरपालिकाबाट जारी हुने कुनै पनि प्रकारका सिफारिस नदिने निर्णय पारित गरियो ।

निर्णय नं.४
प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा सञ्चालन हुने संघ,प्रदेश र स्थानीय तहका योजनाहरु र ठेक्काबाट सञ्चालन भएका योजनाहरुको समेत भुक्तानी नगरपालिकामा गठित योजना अनुगमन समितिको अनुगमन प्रतिवेदन विना नदिने निर्णय पारित गरियो ।

निर्णय नं.५
प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय बजार व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०८१ लाई स्वीकृत गरियो ।

निर्णय नं.६
प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकामा सि.अ.हे.व. (अधिकृत छैटौं) पदमा कार्यरत श्री हंशराज बरालले अधिवक्ताको परिक्षा उत्तिर्ण गरेको जानकारी सहित कानुन व्यवसाय गर्नका लागि स्वीकृत पाउँ भनि निवेदन पेश गरेकाले कार्यालय समय बाहेकको समय र विदा लिएको समयमा निजलाई कानुन व्यवसाय गर्नका लागि स्वीकृती दिने निर्णय पारित गरियो ।

निर्णय नं.७
प्रस्ताव नं. ७ माथि छलफल गर्दा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) र रास्कोट नगरपालिकाको सह लगानीमा सञ्चालित फुकोट रास्कोट पदमारा सडक निर्माण/मर्मत आयोजनाको ५८% कम र अन्य ७ वटा LISP आयोजनाहरुको गैर स्थानीय समाग्रीहरु खरिद प्रकृया सिल कोटेसनहरु पनि कममा लो विडिङ्ग भएको हुनाले बाँकी रहेको बजेट रकम मध्यबाट रु.६१,००,०००।- को उपभोक्ता समितिबाट फुकोट रास्कोट पदमारा सडक निर्माणको फरक सेक्सनमा सडक निर्माण कार्य गर्ने साथै थापाली कुलो निर्माणको लागि रु.६७०,०००।- बजेट रकम विनियोजन गर्ने निर्णय गरियो ।